**प्रस्ताव (कार्यपालिका बैठक नं. ५९, मिति २०७६।०३।३, मङ्गलबार)**

१.आगामी आर्थिक वर्ष २०७६।०७७को बजेट तथा कार्यक्रम छलफल सम्वन्धमा ।
२.विविध सम्वन्धमा ।
**निर्णयहरुः**

**निर्णय नं. १ः**
यस घोराही उपमहानगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को प्रस्तावित बजेट तथा कार्यक्रम अनुसार प्रत्येक वडाको लागि रु १ करोडको सिलिंग दिने ।

**निर्णय नं.२ः विविध**
२.१ यस घोराही उपमहानगरपालिकाको कृषि विकास शाखा, मिति २०७६/०३/०२ गते बसेको तपशिल बमोजिमको बैठकको निर्णय अनुमोदन गर्ने।
तपशिलः
**२.१.१** आ.व. २०७५/०७६ को स्वीकृत कार्यक्रम सि.न. १०१०, सि.नं. २ मूल विउ वितरण ५० प्रतिशत अनुदान (तोरी, मसुरो, गहुँ, धान, मकै) शिर्षकमा विनियोजन रु.१५००००|०० मध्ये रु ३३६६५|- बाँकी हुन आएकोले उक्त रकम धानको उन्नत विउं खरिद गरि ५०% अनुदानमा वितरण गर्ने ।
**२.१.२** साविक जिल्ला कृषि विकास कार्यालयबाट वितरण भएका रासायनिक मल विक्री इजाजत पत्रहरु यस उपमहानगरपालिका कृषि विकास शाखाबाट नियमानुसारको दस्तुर (राजश्व) लिइ नविकरण भैरहेको र अव उप्रान्त सहकारी संस्थाहरुबाट इजाजतपत्रका लागि माग भै आएमा तपशिलको राजश्व लिइ इजाजत पत्र उपलब्ध गराउने ।
तपशिलः
नयाँ निवेदन इजाजत पत्र — रु. १००|-
नविकरण म्याद भित्र — रु. ५०|-
नविकरण म्याद ३० दिन भित्र — रु. २००|-
नविकरण म्याद ३० दिन नाघेमा — रु. ७००|-
नविकरण म्याद १ आर्थिक बर्ष अवधिमा — रु. १०००|-
नविकरण म्याद प्रति वर्ष थप — रु. १०००|- का दरले

**२.१.३** घोराही उपमहानगर कृषि विकास शाखा अन्तर्गत सशर्त अनुदान संघीय सरकार तर्फको भकारो सुधार कार्यक्रमको रु. ५००००|- रकम वडा नं. १ अट्ठाइसे निवासी होम बहादुर बुढाथोकीले १ वटा र वडा नं. १२ हापुर निवासी पूर्ण बहादुर घर्तीले १ वटा संचालन गरि सम्पन्न गरेको हुँदा २५०००|-का दरले भुक्तानी दिने ।

**२.१.४** २०७६ को १६ औं राष्ट्रिय धान दिवस तथा रोपाई कार्यक्रम असार १५ गतेका दिन "**धान खेतीमा प्रविधि र यान्त्रिकीकरण, चामल आयातमा न्यूनीकरण**" भन्ने नाराका साथ विभिन्न संघ संस्थाहरुको सहकार्यमा वडा नं. १२ नारेबांगमा भव्यताका साथ मनाउने ।
**२.१.५** आ.व. २०७५/०७६ को स्वीकृत कार्यक्रम अनुसार सि.नं.१०१०, सि.नं. ७ गह्रा सुधार अनुदान कार्यक्रम ५० हेक्टर रु. ५०००००|- वडा नं. ७ सुक्रवारमा संचालन गर्ने ।

**२.१.६** आ.व.२०७५/०७६ को स्वीकृत कृषि सेवा कार्यक्रमको संचालन हुन बाँकी तपशिल अनुसार गर्ने|

| क्र.स. | योजनाको नाम | बजेट | संसोधित कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| १. | १.१ अनार खेती विकास कार्यक्रम (सि.नं. १०१०, सि.नं. १९)<br>१.२ मागमा आधारित कार्यक्रम (सि.नं.१०१०, सि.नं.६)<br>१.३ एरियटर मेशिन वितरण ५० प्रतिशत अनुदान (सि.नं.१०१० सि.नं.१७) | • ५००००\|०० (५५००००\|०० विनियोजित)<br>• २००००\|०० (५०००००\|०० विनियोजित)<br>• २००००\|०० (१४५०००\|०० विनियोजित) | १० सेट सिड बिन खरिद | ९०००० | विउ उत्पादन कृषि सहकारी संस्थाहरुलाई अनुदानमा वितरण गर्ने |
| २. | एरियटर मेशिन वितरण ५० प्रतिशत अनुदान (सि.नं.१०१० सि.नं.१७) | १४५०००\|०० | पुरन्धारा छहरा कृषि फर्मलाई माछाको दाना पिस्ने मेशिन | ५२५००\| | |
| ३ | कृषि चुनमा अनुदान (सि.नं.१०१०, सि.नं. १३) | २०००००\|०० | प्रगतिशील कृषक समूह वडा नं.६लाई बोरिङको पाइपविस्तारको लागि पाइप खरिद | १५००००\| | |
| ४ | ४.१ नमुना कृषि फर्म स्थापना २ वटा(सि.नं.१०१०, सि.नं.८)<br>४.२ अनार खेती विकास कार्यक्रम (सि.नं. १०१०, सि.नं. १९) | ४०००००\|००<br>३०००००\|०० (५५००००\|०० विनियोजित) | आँप, लिची र कागती बगैचा स्थापना गर्ने कृषकलाई फलफूलका विरुवा वितरण | ७०००००\| | ५० देखि १०० बोट विरुवा रोप्ने कृषकलाई ढुवानी सहित ५०% अनुदानमा विरुवा उपलब्ध गराउने र १०० भन्दा बढी विरुवा रोप्ने कृषकलाई निशुल्क विरुवा उपलब्ध गराउने । |
| ५ | अनार खेती विकास कार्यक्रम (सि.नं. १०१०, सि.नं. १९) | १०००००\|०० | माटो परिक्षणका लागि कृषि ज्ञान केन्द्रलाई उपलब्ध गराउने | १०००००\| | |